# तरबारको धारमाथि बाँचेकाहरू

जगन्नाथ अधिकारी

विजया, पूर्वी नेपालको ग्रामीण क्षेत्रमा काम गर्ने तल्लो तहकी विकासकर्मी हुन् । आफ्नो रोजाइको कार्यक्षेत्र नभए तापनि उनी माओवादी अति प्रभावित क्षेत्रमा विगत पाँच वर्षदेखि कार्यरत छिन् । उनले काम गरिराखेको अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले उसैका केही पुराना कर्मचारीबाट खोलिएको स्थानीय गैरसरकारी संस्थालाई आफूले गरिरहेको काम जिम्मा लगाएर त्यस क्षेत्रबाट बाहिरिने निर्णय गऱ्यो । यस्तो अवस्थामा या त तिनले जागिर छोड्नु पर्ने या त्यही नयाँ स्थानीय गैरसरकारी संस्थामा काम गर्नु पर्ने भयो । आफ्नो कमजोर आर्थिक स्थितिको कारणले नयाँ गैरसरकारी संस्थामा काम गर्ने निर्णय गरिन् उनले । त्यो संस्थाले उनलाई गाउँमा गएर सामाजिक परिचालनको नेतृत्त्व गर्ने जिम्मेवारी दियो । त्यस्तो काममा यस अघि नै उनले दक्षता र अनुभव हासिल गरिसकेकी थिइन् ।

विजया जस्तै अरू थुप्रैले द्वन्द्व प्रभावित क्षेत्रमा काम गरिरहेका छन् । असाध्यै गरिब, दुर्गम तथा पिछडिएका पूर्वी नेपालका जिल्लाहरूको कुरा गर्दैछु म । त्यस क्षेत्रमा सरकारी सुरक्षाफौज र माओवादी सेनाबीच बारम्बार भिडन्तका घटनाहरू भइरहन्छन् । यस्तो द्वन्द्वको अवस्थामा पनि विकासे कार्यकर्ताहरू धेरै ठूलो जोखिम मोलेर ती क्षेत्रमा काम गरिरहेका छन् । यो वर्णन २०६० पुसमा यी क्षेत्रका विभिन्न गाउँहरूमा कार्यरत २० जना व्यक्तिहरूसँग मैले गरेको अन्तरक्रियामा आधारित छ ।

ती स्थानीय तहका विकासे कार्यकर्ताहरू खाद्य सुरक्षासम्बन्धी एउटा तालिममा भाग लिन एकै ठाउँमा भेला भएका थिए । द्वन्द्वग्रस्त क्षेत्रमा एउटा नयाँ अनुहार माओवादी वा सेना दुवैका लागि जासुस हुन सक्थ्यो । त्यसैले सुरु सुरुमा तिनीहरू मसँग द्वन्द्वबारे कुरा गर्न हिच्किचाइरहेका थिए । गरिबीले आक्रान्त, दुर्गम र माओवादीहरूको चलखेल बढी भएको ठाउँमा कार्यरत ती विकासे कार्यकर्तालाई माओवादीसँग नजिक रहेर काम गर्नु पर्ने बाध्यता छ । त्यहाँ गैरसरकारी संस्थाहरूले गर्ने मुख्य कार्यहरूमा बचत तथा ऋण परिचालन, कुपोषणको विरुद्ध पोषण, नयाँ उब्जाउ बाली लगाउने तरिकाबारे ज्ञान, स्वास्थ्यबारे जनचेतना, सिँचाई तथा खाद्य सुरक्षा आदि पर्दछन् ।

सरकारी सुरक्षाफौजको उपस्थिति ती ग्रामीण क्षेत्रहरूमा छैन । तिनीहरू केवल सेनाको क्याम्प, जिल्ला सदरमुकाम तथा विमानस्थलमा केन्द्रित छन् । कहिलेकाहीँ मात्र

*रूपान्तरण: समाज अध्ययन* २: ७७-८९ कात्तिक २०६२

सरकारी सुरक्षा फौज गाउँहरूमा सर्च अपरेसनका लागि जाने गर्छन् । त्यस्ता अपरेसनका बेला बाहिरबाट आएका विकासे कार्यकर्ताहरूलाई बढी शङ्काको दृष्टिले हेरिँदोरहेछ । बरु स्थानीय विकासे कार्यकर्ताहरूबारे अलि कम शङ्का गरिँदोरहेछ । यस्तो परिस्थितिमा म पनि विष्मयमा थिएँ, तिनीहरूले कसरी माओवादी र सरकारी सेनाका व्यवहारबारे खुलेर कुरा गर्लान् भनेर ।

## शङ्काको दायरा

विकासे कार्यकर्ताहरू माओवादी र सरकारी सेना दुवैतिरबाट शङ्काको घेराभित्र हुन्छन् । विजया सदरमुकाम गइरहनु पर्छ, चाहे त्यो आफ्नो कार्यालयको कामले होस् वा द्वन्द्वको दबाबबाट अलिकति भए पनि मुक्ति पाउन । बारम्बार सदरमुकाम जाने हुनाले उनी माथि माओवादीले शङ्का गर्दा रहेछन् । आफ्नो संस्थाले बनाएको सामाजिक तथा विकासे समूहहरूमा माओवादीहरू पनि छन् भन्ने उनलाई राम्रोसँग थाहा थियो । उनीहरूको अनुहार प्रायः फेरिइरहन्थ्यो । कहिलेकाहीँ समूहबाट कोही व्यक्ति एक्कासी हराउँथ्यो । तर उनी त्यसबारे ठूलो वास्ता राख्दिनथिन् । उनलाई थाहा थियो, त्यो मान्छे अन्त कतै युद्धका लागि या अन्य कुनै कामका लागि माओवादीबाट परिचालित भएको छ । नयाँ मान्छे र माओवादीले सुराकी भनेर शङ्का गरेका मानिससँग बोल्न हुँदैन भन्ने उनलाई राम्रोसँग थाहा छ ।

विकासे कार्यकर्तालाई मात्र नयाँ अनुहारहरू चिन्न गाह्रो हुने होइन । साधारण गाउँलेहरूमा पनि त्यही प्रवृत्ति देखिन्छ । म पहिलो चोटि गाउँमा पुग्दा कसैले कुनै प्रश्नहरू गरेनन् । स्थानीय मानिसहरूले मलाई केवल छड्के आँखाले हेरिरहे । आफ्नो सरोकारको कार्यालयमा पुगी सामान्य परिचय गरेपछि मैले गाउँ घुम्न जाने विचार गरेँ । र, कसैलाई जानकारी नदिई कार्यालयबाट बाहिर निस्कँ । ५ मिनेट हिँडेपछि बजार क्षेत्रमा पुगिँदोरहेछ जहाँ एउटा स्कुल थियो । स्कुलको ठीक अगाडि मैले एउटा कालो वर्णको जवान सामान्य कपडामा बन्दुक लिएर उभिएको देखेँ । उसले मलाई अनौठो तरिकाले हेऱ्यो तर मैले नदेखेको जस्तो गर्दै हिँडेँ । म चाहिँ अचम्मित भएँ, किन ऊ यहाँ छ भनेर । किनभने सरकारी सेनाको क्याम्प यहाँदेखि १५ मिनेट मात्र टाढा थियो । म कार्यालयमा पुगेपछि थाहा पाएँ, ऊ त सरकारी सेना पो रहेछ । त्यसपछि म झन् अचम्ममा परेँ । पहिरन हेर्दा ऊ माओवादी छापामार हो भन्ने आधार थियो । किन एउटा सशस्त्र सेना सामान्य नागरिकको पहिरनमा डच्यूटीमा बसिरहेको छ ? मान्छेहरूको भीड भइरहने ठाउँ, त्यसमाथि पनि एउटा प्राथमिक विद्यालयको ठीक अगाडि यस्तो दृश्य । एउटा गह्रुङ्गो बन्दुक उसको काँधमा झुण्डिइरहेको थियो । निश्चय पनि यसले बालबालिकाहरूलाई राम्रो छाप पार्दैन । यसपछि मेरो दिमागमा आयो– नेपाली बालबालिकाको भविष्यसँग कस्तो घिनलाग्दो खेल खेलिँदै छ द्वन्द्वरत पक्षहरूबाट ।

नजिकैको प्राथमिक विद्यालय बन्द थियो । म एउटा पसलभित्र ग्राहकको रूपमा पसेँ । एउटी केटी बाहिरबाट पसलमा आइन् । तिनलाई मैले मुख्य बजारक्षेत्र कुन चाहिँ पऱ्यो भनेर सोधेँ । गाउँलेहरूबारे पनि सोधेँ । तर अचम्म ! उनले त सुन्दै नसुनेको जस्तो व्यवहार पो गरिन् । मैले पसलबाट पहिला मूल्य सोधेर दुइटा भिक्स टच्याब्लेट किनेँ । त्यसको मूल्य

तिर्नेबित्तिकै उनी फेरि निस्केर गइन् । मलाई त अचम्मै लाग्यो, यस्तो शून्यता देखेर । लगातार त्यही लामो पेटी भएर हिँड्दै गर्दा म पेटी निकै साँघुरिएको एक ठाउँमा पुगेँ । ठोच्ने खोलाले बनाएको साँघुरो गल्छी रहेछ त्यो । त्यहाँ मैले खोलाबाट ढुङ्गा ओसारिरहेका दुईजना मजदुरलाई भेटेँ । केही पर दुईओटा राता रङका पाइपहरू ठडिएका थिए र छेवैबाट केही तारहरू बाहिर निस्केका देखिन्थे । त्यो ठाउँ सदरमुकामबाट टाढा भए पनि बिजुलीको आपूर्ति गरिँदो रहेछ भन्ने अनुमान गरेँ र मैले ती दुई मजदुरलाई के त्यो पावर स्टेसन हो भनेर सोधेँ ।

म विमानस्थलबाट आउँदै गर्दा एक निश्चित दूरीमा फलामका खम्बाहरू लहरै गाडेको देखेको थिएँ । र तिनीहरूमा तारहरू पनि टाँगिएका थिए । मलाई विमानस्थलबाट साथ दिइरहेका मित्रलाई त्यहाँको विद्युत आपुर्तिबारे सोध्दा अचेल विद्युत सेवा नरहेको जानकारी गराएका थिए । माओवादीहरूले त्यहाँ रहेको पावर स्टेसनमा दुई पटक विस्फोट गराइसकेको कुरा विस्तारै दवेको स्वरमा उनले बताएका थिए । मैले प्रश्न गरिरहँदा ती मजदुरहरूले टाउको मात्र हल्लाए । मप्रति तिनीहरूको शङ्का निवारण होस् भनेर स्थानीय गैर सरकारी संस्थाको नाम लिँदै त्यसै संस्थाको कामको लागि काठमाडौँबाट आएको ब्यहोरा बताएँ । तर तिनीहरूले उक्त गैरसरकारी संस्थाको नामै सुनेका छैनन् जस्तो लाग्यो मलाई । त्यसपछि मैले 'बिजुली भयो भने त राम्रो हुन्छ नि हैन' भनेँ, तर यसबेला पनि उनीहरूले मौनता नै साँधे ।

करिब ४५ मिनेट जति गाउँ घुमेर कार्यालयतिर फर्कँदै गर्दा मैले दुई जना महिलाले एउटा घरमा ऊनको गलैँचा बुन्दै गरेको देखेँ । तिनीहरू नजिकै गएर दोलाईको मूल्य र ऊन कहाँ पाइन्छ भनेर सोधेँ । सुरुमा तिनीहरूले हाम्रो गाउँमा किन आएको भनेर मलाई प्रतिप्रश्न गरे । म गैरसरकारी संस्थाको कामको लागि आएको हो भन्ने मेरो जवाफले पनि उनीहरूको चिन्ता हराएको जस्तो लागेन । तिनीहरूले मलाई घरभित्र आउन भने र घरधनीले दोलाईको मूल्य र ऊन पाइने स्थानबारे मैले गरेको प्रश्नको जवाफ दिए । उनीहरूको सबैभन्दा ठूलो समस्या ऊन सहज रूपमा उपलब्ध नहुनु रहेछ, त्यसमाथि बजारको पनि समस्या रहेछ । घरधनीले त बजारभाउ पनि एकदम घटेको र ग्राहक पनि पाउन असाध्यै गाह्रो भएको बताए । यस्तो हुनुमा द्वन्द्व पनि जिम्मेवार भएको उनले बताए । त्यसोभए तपाईंहरू किन यही व्यवसाय नै गरिरहनु भएको छ त भन्ने मेरो प्रश्नमा उनले पुस्तौँ पुस्तादेखि गर्दै आएको व्यवसाय हुनाले यसलाई यत्तिकै चटक्कै छोड्न मन नलागेको बताए । त्यसबाहेक उनीहरू अन्य विकल्पको अभावमा समय कटाउनको लागि भए पनि यो काम गर्दा रहेछन् । "यदि सबै मूल्य जोड्ने हो भने त हामीलाई घाटै लाग्छ," उनले दुःख मान्दै भने ।

सूर्य अस्ताउन लागेपछि ती घरधनीले मलाई कार्यालय फर्कन सुझाव दिए । कार्यालयमा फर्किंदा त मेरो अनुपस्थितिमा कर्मचारीहरू असाध्यै चिन्ता मानेर बसिरहेका रहेछन् । ५ बजेको थिएन र घाम पनि राम्रोसँग अस्ताएको थिएन । उनीहरूले मलाई तुरुन्तै साँझको खाना खान जाऊँ भन्दा मलाई अचम्म लाग्यो । तर उनीहरूले भने, "अब पनि खाना खान गएनौँ भने हामीलाई कार्यालय फर्कन धेरै नै ढिलो हुन्छ ।" कार्यालयका लेखापालले जाडो

महिना हुनाले ६ बजे नै अँध्यारो हुने र ७ बजेदेखि कर्फ्यू सुरु हुने भएकाले छिटो खानपिन गर्नुपर्ने प्रस्टचाए । रातीमा कोही पनि नहिँड्ने कुरा उनीहरूले बताए । सूर्य अस्ताउन थाल्दा नथाल्दै मानिसहरू आ-आफ्नो घरमा गएर खाना खाई रातको पहिलो प्रहरसँगै सुत्ने तरखर गरिहाल्छन् भन्ने सुन्दा मलाई कम्ती अचम्म लागेन । त्यसदिन ५ बजेतिर नै हामी तालिममा आएका जति सबै सँगसँगै खानाका लागि बस्यौं ।

सबै सहभागीहरूबीच राम्रोसँग बोलचाल भएको थिएन । उनीहरूले माओवादीबारे, तिनीहरूको कारणले उब्जेका समस्याबारे र आफ्नो व्यक्तिगत जीवनबारे कुनै छलफल गरेनन् । मलाई के महसुस भयो भने मेरो उपस्थितिले पनि उनीहरूलाई त्यसो गर्न गाह्रो परिरहेको छ । कार्यालयका कर्मचारीहरूले मलाई राजनीति, माओवादी, सेना र सरकारबारे केही बोल्न हुँदैन भनेर सचेत गराइसकेका थिए ।

साँझ ७ बजे पछि त्यहाँ कुनै मानिसको स्वर सुन्न पाइँदैनथ्यो । पुरै गाउँ गहिरो निद्रामा मस्त हुन्थ्यो । पल्तिर गाउँमा देखिने पिलपिले बत्तीहरू पनि निभिसकेका हुन्थे । कहिलेकाहीँ सुनिने कुकुरको भुकाइले मात्र त्यहाँ मानिसहरू बस्दा रहेछन् भन्ने प्रतित हुन्थ्यो । त्यसदिन सौर्य उर्जाको माध्यमबाट बालिने कार्यालयको बत्तीमा हामीले राती ९ बजेसम्म पढ्यौं र अर्को दिनको लागि तयारी गर्‍यौं ।

भोलिपल्ट छर्लङ्ग उज्यालो भइसकेपछि मात्र मानिसहरू आफ्नो घरबाट बाहिर निस्कन थाले । मैले अघिल्लो दिनको त्यो असहज परिवेशबारे कर्मचारी सदस्यसँग जिज्ञासा राखें । उनले आजभोलि यस्तो प्रक्रिया सामान्य भएको बताए । "जब अँध्यारोमा कुकुरहरू जोडजोडले भुक्न थाल्छन् त्यतिबेला माओवादीहरू या सरकारी सेनाहरू गाउँमा आएछन् भन्ने हामी बुझ्छौं," ती व्यक्तिले भने । उनले थप प्रस्टचाउँदै भने, "पहिला युवक-युवतीहरूबीच नाचगानका धेरै कार्यक्रमहरू हुने गर्थे । विगतमा विशेष गरी साँझमा समूह-समूहमा बसी मानिसहरू छलफल गर्थे, गाउँ घुम्दै मानिसहरू एक अर्काका सुख-दुःख साटासाट गर्थे । आजभोलि त के देखिन्छ भने साँझ परेपछि रक्सी नखाई नहुने जँड्याहाहरूले पनि रातको शून्यतालाई खलल पुर्‍याउँदैनन् ।"

तालिमका सहभागीहरू विस्तारै मसँग परिचित भए । जब उनीहरूले म कुनै राजनीतिक शक्तिसँग सम्बद्ध नरहेको कुरा बुझे, बिस्तारै माओवादी र सुरक्षाफौजसम्बन्धी आ-आफ्ना धारणा र तीता अनुभवहरू घुमाउरो पारामा राख्न थाले । साँझको खाना खान बस्दा माओवादी र सुरक्षाफौज दुवैलाई हार्दिक सम्बोधन गर्दै केही दबेको स्वरमा, एक अर्कालाई मुखामुख गर्दै अझ प्रष्ट रूपमा उनीहरूले आफूलाई लागेको कुरा बताए । खाना खाइसकेपछि केहीबेर आगो ताप्दै बस्दा उनीहरूले एक अर्काले भोगिरहेका समस्याहरूको बेलीविस्तार लाउन थाले ।

विजयाले सैनिकले उनलाई दिएको यातनाबारे बताइन् । एकदिन सैनिकको एक टोली उनको गाउँस्थित कार्यालयमा आएर उनलाई माओवादीको नाम बताउन तथा भरत रावत नाम गरेका माओवादी नेतालाई पक्रन सहयोग गर्न भन्यो । सबै कर्मचारीहरूले माओवादी तथा तिनका नेताहरूबारे उनीहरूलाई कुनै जानकारी नभएको बताए । त्यसपछि सैनिकहरूले उनको कार्यालयको तलासी लिए । केही सामान तोडफोड गर्नुका साथै

कागजपत्रहरू फ्याँक्ने काम गरे र उनीहरूलाई आधा दिन जति हिँडाएर एउटा डाँडाको टुप्पोसम्म पुऱ्याए ।

उनीहरूलाई खान पिउन नदिई प्रचण्ड घाममा राखियो । एक सैनिक अधिकृतले उनीहरूलाई स्थानीय माओवादीबारे सम्पूर्ण कुरा थाहा भएको र माओवादीलाई सहयोग पुऱ्याइरहेको आरोप लगाए । उनीहरूले उक्त आरोपलाई निरन्तर अस्वीकार गरे पनि सैनिकहरू मान्न तयार भएनन् । माओवादीलाई सहयोग समर्थन नगरी तथा उनीहरूको समर्थनबिना कसरी तिमीहरू यहाँ काम गर्न सक्छौ भनेर प्रश्न गर्दै फेरि पनि त्यस क्षेत्रका माओवादीको नाम बताउन र तिनीहरूलाई गिरफ्तार गर्न सहयोग पुऱ्याउन सैनिकहरूले कर गरे । जब उनीहरूले माओवादीबारे थाहा नभएको कुरा दोहोऱ्याए, एक सैनिक अधिकृत (मेजर) रीसले आगो भएर उनीहरूमाथि दुर्व्यवहार गर्न थाले । यहाँसम्म कि उनीहरूतर्फ बन्दुक तेर्साएर माओवादीबारे सोधियो । जब यी गैरसरकारी संस्थाका कर्मचारीहरूले आफूलाई माओवादीहरू को हुन् र कहाँ छन् भन्ने कुरा थाहा नभएको लगातार दोहोऱ्याइरहे, सैनिकहरू केही शान्त र ठण्डा देखिए । "केही बेरपछि उनीहरूले हामीलाई केही खान दिए तर त्रास, तनाव र थकानले गर्दा कसैले खान सकेनन्," विजयाले भनिन् । उनीहरू शारीरिक थकान र मानसिक तनाव लिएर कार्यालय फर्के ।

केही दिनपछि भरत रावत जसलाई उनीहरू 'कुसुम' उपनामले चिन्दथे, सेनाद्वारा मारिए भन्ने खबर सुनियो । विजया र उनका सहकर्मीहरूलाई सोधपुछ गर्ने सैनिक अधिकृत यसको लगभग एक महिनापछि विमानस्थलमा माओवादीद्वारा गरिएको आक्रमणमा मारिए भन्ने समाचार आयो । ती मेजर १५० जना जति जवान रहेको एउटा सैनिक टुकडी लिएर उक्त विमानस्थलमा तैनाथ थिए । यो गैरसरकारी कार्यालयका लेखापालको घर त्यसै गाउँमा विमानस्थलको छेऊमै थियो र उनले नै उक्त आक्रमणको कथा मलाई सुनाए ।

त्यस दिन उनीहरू एउटा बैठक सकेपछि अबेर भएकाले कार्यालयको हलमा नै सुत्ने तरखर गर्दै थिए । रातको १० बजेतिर एक्कासी गोली र बम पड्केको आवाज सुने । यो क्रम लगभग रातभरि नै जारी रह्यो । भुइँमा एकैठाउँ डल्लो परेर सुत्नुबाहेक उनीहरूले अरू केही गर्न सक्ने अवस्था थिएन । बिहानको करिब ३ बजेतिर एउटा हेलिकोप्टर आयो र गाउँ वरिपरि घुम्दै विमानस्थलको दुई छेउतिर रहेका नदीहरू वरिपरि बम बर्साउन थाल्यो । केहीबेरपछि बम र गोलीको आवाज सुनिन छाड्यो । बिहान छर्लङ्ग उज्यालो भएपछि कार्यालयका लेखापाल उनको विमानस्थल नजिकै रहेको घरमा गए । लगभग १० मिनेट जतिको पैदल दूरीमा रहेको उनको घर जाँदा बाटामा उनले केही लाश लडिरहेको देखे । "मेरो घर र परिवारलाई केही भयो कि भन्ने नै मेरो मुख्य चिन्ता रहेकोले मैले ती लाशहरूलाई नजिकबाट नियालेर हेर्नतिर लागिनँ । तर झ्वाट्ट हेर्दा ती माओवादीकै लाश जस्तो लाग्थ्यो," उनले भनेका थिए । केही मानिसहरू ढोका फोडेर घरभित्र छिरी बरण्डामा बसेर उपचार गरेछन् । केहीबेर पछि अरू केही नगरी तथा कसैलाई केही नभनी उनीहरू घरबाट हिँडेछन् । घरको बरण्डामा पनि रगतका आला टाटाहरू त ती लेखापालले पनि देखेछन् । तिनीहरू सानो स्वरमा कुरा गर्थे रे । तर जे-जति सुनियो, त्यसबाट ती मानिसहरू माओवादी पक्षका भएको प्रष्ट भयो । उनका परिवारका सदस्य तथा अरू पनि जो त्यस

घरमा बस्थे, कोही पनि आफ्नो कोठाबाट बाहिर निस्केनछन् । पछि सैनिकहरूले माओवादीहरू त्यहाँ बसेको कुरा थाहा पाए भने थप दुःख देलान् भन्ने ठानी उनीहरूले रगतका टाटा सफा गरेछन् । केही समयपछि एउटा हेलिकोप्टर आयो र तत्कालै उड्यो । सायद त्यसले सम्पूर्ण मृतक तथा घाइतेहरूलाई लग्यो होला भन्ने उनीहरूले अनुमान गरेछन् । माओवादी तथा सैनिक दुवै पक्षले आ-आफ्ना मृतक तथा घाइते सहकर्मीहरू साथै लगेकाले कति जना घाइते भए वा मरे भन्ने उनीहरूलाई थाहा भएन । त्यसदिन मध्याह्नसम्म पनि धेरै मानिस आफ्नो घरबाट बाहिर निस्केनन् । उनीहरूले उक्त भिडन्तमा विमानस्थल सुरक्षा बल प्रमुखको मृत्यु भएको समाचार सुने ।

विजयाले माओवादी नेता कुसुमको मृत्युले गाउँमा पारेको असरबारे बेलिविस्तार लगाइन् । उनले भनेअनुसार त्यस घटनालगत्तै गाउँलेहरू एक अर्कामै शङ्कालु बने र कोही पनि जासुस हुन सक्ने कुरामा सचेत भए । तर माओवादीहरू विगतमा झैँ खुला रूपमा गाउँमा आउन छोडे । यसले गाउँमा माओवादीको असर त कम गऱ्यो तर सेनाप्रति उनीहरूको क्रोध अझ बढायो । जसले गर्दा विकासकर्मीहरूमाथि पनि खतरा उत्पन्न भयो । विकासकर्मी र माओवादीबीच रहेको राम्रो सम्बन्ध निकै बिग्रेर गयो र उनीहरूलाई सदरमुकामसम्म जान आउन पनि अत्यन्तै गाह्रो पर्न थाल्यो । गैर सरकारी संस्थाका कर्मचारीहरूले माओवादीसम्बन्धी सूचना सैनिकलाई दिए भन्ने माओवादीहरूको आशङ्का निवारण गर्नको लागि उनीहरूले माओवादीका एक विश्वास पात्र (तर कार्यकर्ता होइन) लाई साथै लिएर हिँडन थाले, खास गरी सदरमुकाम जाँदा र आउँदा । यसो गर्दा माओवादीले उनीहरूउपर जासुसी गरेको आरोप नलाग्ला भन्ने उनीहरूले आशा गरे । त्यसको लागि विभिन्न किसिमका मूल्य चुकाउनु पर्ने हुन्थ्यो । जस्तो उनीहरूका समर्थकहरूलाई खाने, बस्ने व्यवस्थासहित प्रशिक्षणका लागि सदरमुकाम भ्रमण गराउनु पर्ने पनि हुन्थ्यो ।

सदरमुकाम प्रवेश गर्दा सुरक्षाफौजका जवानहरूद्वारा अत्यन्त कडा र कठोर जाँच गरिन्थ्यो । लगातारको कर्फ्यू र सादा पोशाकका सैनिक तथा माओवादीका जासुसहरूको उपस्थितिले उनीहरूलाई सधैँ पूर्ण सतर्क रहन बाध्य पार्थ्यो । विकासकर्मीहरूले दुवै पक्षका कुरा सावधानीपूर्वक सुन्ने र सम्भावित आशङ्का नउब्जियोस् भन्ने किसिमको हाउभाउ प्रस्तुत गर्नु पर्थ्यो, अड्कलेर बोल्नु पर्थ्यो । माओवादी र सेना दुवै पक्षले जो कोहीलाई अपहरण गरी बेपत्ता बनाउन सक्थे । यद्यपि सर्वसाधारण र तल्लो तहका विकासकर्मीहरूका लागि तुलनात्मक रूपमा माओवादी छापामारहरूसँगभन्दा सेनासँगको भेटघाट र छलफल कम सहज लाग्ने रहेछ । तसर्थ उनीहरूलाई सेनाले बेपत्ता बनाउला कि भन्ने डर बढी हुँदो रहेछ । यसको मुख्य कारण, माओवादी नेता तथा छापामारहरू त्यसै क्षेत्रका भएकाले धेरैजसो सामाजिक क्रियाकलापमा तिनीहरूको पहुँच हुने र विकासकर्मीको क्रियाकलाप थोरबहुत बुझेकाले पनि हो । अर्कोतिर धेरैजसो सेनाका जवानहरू अन्यत्रबाट ल्याइएका हुनाले त्यस विरानो ठाउँमा बढी रुखो र कठोर रूपमा प्रस्तुत हुने गरेको अनुमान गर्न सकिन्छ । शाही सेना ब्यारेकमा बस्ने भएकाले तिनीहरू गाउँलेहरू माझ सजिलै घुलमिल हुन सक्दैनन् । जबकि माओवादीहरू उनीहरूको गुरिल्ला कलाद्वारा गाउँभित्रै पनि हराउन सक्थे ।

## शङ्कास्पद व्यक्तिसँग सतर्कता

विकासकर्मीहरूले 'भेष बदलिएका मानिसहरू' र तिनका क्रियाकलापहरूबारे एकादेशको कथाझैँ लाग्ने सत्य घटना सुनाए। एउटा गाउँमा माओवादी जस्तै देखिने एउटा मानिस आयो। उसले त्यहाँ जम्मा भएका गाउँलेहरूलाई माओवादीहरूले जस्तै गरी 'लालसलाम' को अभिवादन गऱ्यो। केहीले 'लालसलाम' भनी अभिवादन फर्काए। त्यसको केहीबेरपछि नै सेनाको एउटा टोली उक्त गाउँमा आयो र ज-जसले 'लालसलाम' को अभिवादन फर्काएका थिए तिनीहरूमाथि निर्ममतापूर्वक गोली बर्साए। त्यो व्यक्ति भेष बदलेर माओवादी पत्ता लगाउन गाउँमा आएको सेनाको जासुस थियो। यस्तो कार्यलाई नै 'सर्च अपरेसन' भनिँदोरहेछ। विकासकर्मीहरूले पनि यस्ता भेष बदलेका जासुसहरूको सामना गरिरहनु पर्दछ। यस्ता जासुसहरू उनीहरूको कार्यालयमा आउँछन् र विभिन्न कार्यक्रम तथा सेवाहरूबारे सोधेर आवश्यक सूचना एकत्रित गर्ने प्रयत्न गर्दछन्। जब उनीहरूले त्यो व्यक्ति भेष बदलेर आएको जासुस हो कि भन्ने शङ्का गर्छन्, सकेसम्म आफ्नो मुख खोल्न चाहँदैनन् र बोल्नैपरे प्रत्येक शब्द बडो सावधानीपूर्वक बोल्छन्। साधारणतया 'लालसलाम' जस्ता अभिवादन नसुने झैँ गरी प्रस्तुत हुन्छन्।

सेनाको 'सर्च अपरेशन' पछि माओवादीहरूको पालो आउँछ। माओवादीहरूले सर्वसाधारणलाई सेनाले उनीहरूलाई के सोध्यो, के गर्न अह्रायो र उनीहरूले के सूचना दिए भन्ने किसिमका प्रश्नहरू सोध्ने गर्दछन्। उनीहरू कार्यालयको कामसम्बन्धी मात्र साधारण छलफल भएको भनी विनम्रपूर्वक जवाफ दिँदा रहेछन्। यदि माओवादीहरूले उनीहरूको कुरामा विश्वास गरेनन् भने, एउटा अर्को नयाँ खतरा उत्पन्न हुन सक्दोरहेछ। माओवादी कार्यकर्ताहरूसँग तल्लो तहका कर्मचारीहरूको प्रायः भेटघाट भइरहने हुनाले उनीहरू सेनाभन्दा माओवादीलाई राम्रोसँग चिन्दा रहेछन्। विकासकर्मीहरू आफ्नो नोटबुकमा माओवादी र सेना दुवै पक्षका बारेमा केही पनि लेख्दैनन्। कहिलेकाहीँ माओवादीका छापामारहरूले उनीहरूका नोटबुक हेर्ने गर्छन्।

गाउँमा आएका माओवादी छापामारहरू विकासकर्मीका विद्यालय पढ्दाका सहपाठी, छिमेकी अथवा आफन्त पनि हुन सक्छन्। यसो भएमा उनीहरूले त्यस्ता छापामारहरूलाई कहिलेकाहीँ गाँस र बासको व्यवस्था गर्नुपर्ने हुन्छ। माओवादीसँग केही खटपट र समस्या उत्पन्न भयो भने चिनजान र नाता सम्बन्ध भएका छापामारहरूको सहयोगमा यस्ता समस्या समाधान पनि गरिँदोरहेछ। विकासकर्मीहरूले गाउँमा र गाउँवासीहरूको जीवनमा आएको परिवर्तन र चुनौतीबारे प्रतिवेदन तयार पार्नुपर्ने हुन्छ। निश्चय नै माओवादीका क्रियाकलापले सर्वसाधारणको दैनिक जीवनमा परेका नकारात्मक असरहरू त्यस्तो प्रतिवेदनका लागि उल्लेखयोग्य विषय हो। माओवादी छापामारहरूले माग गर्ने खाना, बास र चन्दा नै मुख्य नकारात्मक पक्ष रहेछन्। तर माओवादीले तिनका नोट पढ्न सक्ने हुनाले यस्ता घटनाहरू आफ्नो प्रतिवेदनमा उल्लेख गर्न सक्दा रहेनछन्। त्यसैले यस्ता घटनाहरूबारेको विवरण जिल्ला सदरमुकाममै बसेर लेख्ने र त्यहीँ राख्ने गरिँदो रहेछ। शाही सेनाले पनि अन्य सामानका साथै उनीहरूको नोटबुक प्राथमिकतासाथ निरीक्षण गर्ने गर्दछन्।

## गोप्य भाषाको प्रयोग

शाही सेना र माओवादी दुवै पक्षले नोटबुक र चिठीपत्रहरू समेत निरीक्षण गर्ने भएकाले विकासकर्मीहरूले कुनै निश्चित परिस्थितिको वर्णन गर्न आफ्नै गोप्य भाषा विकास गरेका छन् । प्रशिक्षणमा भाग लिन तीन जना प्रशिक्षार्थीहरू उपस्थित नभएपछि अन्य सहभागीहरूले उनीहरूको गाउँलाई 'उच्च ज्वरो' आइरहेको होला भने । यस्तो वाक्यले कुनै सोझो अर्थ दिँदैनथ्यो र मैले पनि त्यसको अर्थ बुझिनँ । मैले ती सहभागीहरूलाई त्यसबारे प्रस्टचाउन अनुरोध गर्दा त्यो गोप्य भाषा हो भने । गाउँमा ज्वरो आउनुको अर्थ त्यहाँ सङ्घर्ष र तनावपूर्ण स्थिति भएकाले हिँड्डुल तथा यात्रा गर्न खतरा छ भन्ने रहेछ । सर्वसाधारण तथा विकासे कार्यकर्ताहरूलाई सबैभन्दा ठूलो डर त सेना तथा माओवादीको दोहोरो भिडन्तको शिकार भइएला भन्ने नै हुँदोरहेछ ।

सेनाले 'सर्च अपरेसन' सुरु गरेको बेला हिँड्डुल गर्न अत्यन्त कठीन हुँदोरहेछ । यस्तो अवस्थालाई 'तापक्रम बढेको अवस्था' भनेर बुझिँदोरहेछ । मलाई बताइएअनुसार लेखाइमा पनि यस्ता 'गोप्य शब्द' प्रयोग गरिँदोरहेछ । जब कुनै कर्मचारी अथवा फिल्ड कार्यकर्ता सङ्घर्षको भूँमरी वा सम्भावित भिडन्तमा परिएला भन्ने त्रासका कारण कार्यालयमा हुने मिटिङमा उपस्थित हुन सक्दैन, उसले आफूलाई 'उच्च ज्वरो' आएकोले उपस्थित हुन सकिनँ भन्ने व्यहोराको चिठी लेख्दोरहेछ । माओवादी समस्यालाई घुमाउरो पारामा इङ्गित गर्न अन्य धेरै गोप्य शब्दहरूको प्रयोग गरिँदोरहेछ । उदाहरणका लागि, यदि कुनै व्यक्ति जान लागेको बाटोमा माओवादी पनि हिँडिरहेका छन् भने उसलाई त्यस बाटोको जङ्गलमा 'जङ्गली जनावरहरू' रहेकाले नजानू भन्ने सल्लाह दिइन्छ ।

## माओवादीलाई लेवी

विकासे कार्यकर्ताहरूले गोप्य तरिकाले माओवादीलाई 'लेवी' (पारिश्रमिकको केही निश्चित प्रतिशत) तिर्ने गरेको थाहा पाइयो । तर उनीहरूले कति तिर्छन् भन्ने चाहिँ बताएनन् । सोलु घर भएका एक सुनुवार थरका कर्मचारीले माओवादीले आफूलाई जङ्गल लगेको र आयोजनाको सम्पूर्ण बजेटको २५ प्रतिशत रकम कर स्वरूप मागेको बताए । उनले आफूसँग त्यति धेरै रकम नहुने र आफ्नो पारिश्रमिक मात्र हुने जवाफ दिए । माओवादीले उनलाई परियोजनाको सम्पूर्ण रकम भौतिक पूर्वाधारका क्षेत्रमा मात्र खर्च गर्न अह्राएछन् । उनीहरूले कति रकम माओवादीलाई तिर्छन् भनेर नखोले पनि पारिश्रमिकको न्यून अंश तिर्छन् भन्ने प्रष्ट बुझिन्थ्यो । छिमेकी जिल्लाका सम्पूर्ण शिक्षकहरूले पनि त्यस्तो 'लेवी' बुझाउने गरेको पाइयो । सम्पूर्ण शिक्षकहरूले पहिलो पटक आधा महिनाको र त्यसपछि प्रत्येक महिना एकदिन बराबरको पारिश्रमिक 'लेवी' स्वरूप माओवादीलाई बुझाउनु पर्ने नियम रहेछ । यसरी 'लेवी' बुझाउनेलाई माओवादीले लिखित रसीद पनि दिँदा रहेछन् । तर त्यस्तो रसीद घर या कार्यालयमा राख्दा सरकारी सेनातर्फबाट खतरा हुने भएकाले अन्य छद्म नाम प्रयोग गरी माओवादीलाई अभिलेख राख्न अनुरोध गर्दा रहेछन् । तर स्थानीय माओवादी र 'लेवी' तिर्ने व्यक्तिलाई के नाम प्रयोग गरियो भन्ने प्रष्ट थाहा हुने रहेछ । यस्तो चलनका कारण सेनाले जफत गरेका त्यस्ता खाता र अभिलेखका आधारमा

पक्राउ गर्दा धेरै गलत व्यक्तिहरू पर्ने गरेका पनि सुनुवारले बताए । उनीसँग माओवादीद्वारा जारी गरिएको एउटा 'पास' छ । उनी आफ्नो कार्यक्षेत्रका गाउँ घुम्दा माओवादीद्वारा निर्माण गरिएका गेट पार गरेर जानु पर्छ जहाँ उनले उक्त 'पास' देखाउनु पर्छ । तर सदरमुकाम जाँदा त्यस्ता 'पास' बोकेर हिँड्दा सेनातर्फबाट खतरा हुने भएकाले माओवादीको गेट पार गरेपछि उनले ढुङ्गाको चेपमा उक्त 'पास' लुकाउने र फर्कंदा फेरि लिएर गेटबाट प्रवेश गर्ने गर्दछन् । घरमा पनि उक्त 'पास' नचाहिएसम्म ठूलो ढुङ्गाको चेपमा नै लुकाउने गरेका छन् ।

अर्को छिमेकी जिल्लाबाट आएका दीपक भट्टराई कार्यालयमा सहायकको रूपमा काम गर्छन् । उनलाई पनि माओवादी क्रियाकलापले असर पारेको छ । आफ्नो गाउँमा जाँदा उनलाई चिनेका माओवादी छापामारहरूले पारिश्रमिकको केही अंश उनीहरूलाई बुझाउन भनेछन् । उनले आफ्नो पारिश्रमिक अत्यन्त न्यून रहेको र जेनतेन बाँच्न मात्रै पुग्ने गरेको छ भनेपछि उनीहरूले भनेछन्, "यदि तिम्रो पारिश्रमिक साच्चै न्यून छ भने तिमी हामीसँग काम गर, हामी तिमीलाई बन्दुक पनि दिनेछौँ ।" यसप्रकार उनी ठूलो दबाबको सामना गर्दै छन् । उनी सकेसम्म गाउँका मानिसहरूसँग सम्पर्क राख्न चाहँदैनन् । गाउँमा जाँदा पनि कसैले थाहा नपाउने गरी जान्छन् । एक पटकमा तीन दिनभन्दा बढी गाउँमा बिताउँदैनन् र सम्पूर्ण समय घरमै बस्छन् । उनी ऋृण खोजेर नै भए पनि खाडी राष्ट्रमा रोजगारका लागि जानेबारे सोच्दैछन् । यदि माओवादीको दबाब बढेमा उनी चाँडै नै विदेशिने छन् ।

## शिष्ट भाषा र व्यवहार

यदि माओवादीहरू वरिपरि भएको शङ्का लागेमा विकासे कार्यकर्ताहरू सचेतपूर्वक उनीहरूप्रति शिष्ट भाषा प्रयोग गर्छन् । फिल्डमा जाने बेलामा आफूसँग क्यामरा लैजान खोज्दा कार्यालयका कर्मचारीहरूले मलाई त्यसो नगर्ने सुझाव दिए । यसो गर्दा 'अन्य साथी' हरूले क्यामरा माग्छन् भनेर उनीहरूले मलाई सचेत गराए । माओवादीहरूलाई 'साथी' शब्द प्रयोग गरेको सुन्दा मलाई अचम्म लाग्यो । पछि कुरा बुझ्दा त्यसबेला कार्यालयमा माओवादीका शङ्कास्पद जासुस रहेकाले उनीहरू नचिढिऊन् भनेर त्यस्तो शब्द प्रयोग गरेका रहेछन् । विकासकर्मीहरू सेनाका जवानहरूप्रति पनि उत्तिकै आदरभाव देखाउने गर्दारहेछन् । उनीहरूका अनुसार सेनाले जे भन्छ आफ्नो बचावटको लागि उनीहरू त्यही गर्न बाध्य छन् । सदरमुकाममा सेनाको स्वेच्छाचारी प्रवृत्ति प्रष्ट देखिन्थ्यो । मैले सेनाले विमानस्थल रक्षार्थ ठडयाएका बारहरू औँलाले देखाउँदै गन्दा गैरसरकारी संस्थाका एक मित्रले मलाई त्यसरी सेनातर्फ औँलाले नदेखाउन सचेत गराए । यस्तो कार्यले सेनाप्रति अनादर गरेको ठहर्ने र सेनाले थाहा पाए त्यसो गर्ने व्यक्तिलाई 'सोधपुछ' का लागि क्याम्पमा लैजाने गरेको कुरा पनि ती मित्रले मलाई उत्तेजित पारामा सुनाए । त्यसपछि मैले सकेसम्म आफ्नो हातले केही देखाइनँ र हावभावमा नियन्त्रणका साथै बोलीचालीको शब्द चयनमा समेत अत्यन्त सचेत बनेँ ।

सेनाका तल्लो तहका जवानहरूले भोगिरहेका मानसिक पीडा विकासकर्मीहरूले प्रष्ट बुझ्ने गरेको देखिन्थ्यो । विमानस्थलमा लगभग दुई दिन विमान कुर्नुपर्दा मैले त्यहाँ कार्यरत

सेनाका जवानहरूको उक्त अवधिभरिको व्यवहार बडो नजिकबाट नियाल्ने मौका पाएँ। सुरक्षा जाँच र सम्पूर्ण विमानस्थलकै सुरक्षा व्यवस्थाको कमाण्ड गरिरहेका सेनाका एक जना मेजर रातभरि नसुतेका जस्ता देखिन्थे। उनको अनुहारबाट प्रष्ट रूपमा उनले मदिरापान गर्ने गरेको झल्किन्थ्यो। उनका स्वेच्छाचारी नियम अवज्ञा गर्न खोज्ने प्रत्येक यात्रुलाई उनी गाली गर्थे। केही वृद्धाहरूले ती मेजरको आदेश राम्ररी सुन्न सकेनन्। उनले तत्काल एक प्रहरी जवानलाई ती वृद्धाहरूलाई प्रवेश निषेधको रेखा पार गर्न नदिन आदेश दिए। जाँच गरिएका र नगरिएका झोला, सामान प्रष्ट रूपमा छुट्ट्याएर नराखेको भनी ती मेजर ती प्रहरी जवानसँग साह्रै रिसाए। मेजर त्यसरी रिसाएकोमा अर्का प्रहरी जवान अत्यन्त चिन्तित देखिन्थे। ती जवानले मसिनो स्वरमा भने, "यी मेजरले हाम्रो जागिर नै खाइदिन सक्छन्।" काँधमा बन्दुक भिरेर सानो होटलको यताउता टहलिरहेका सेनाका एक जवान मेजर रिसाएको थाहा पाउने बित्तिकै सुरक्षा स्थिति सामान्य रहेको समयमा पनि 'पोजिसन' लिएर खडा भए। पहिलेभन्दा अलि उच्च ठाउँमा आफ्नो मेशिनगन स्टचान्डमा अडचाएर मानिसहरू भएतिरै सोझ्याए। बाहिर पानी परिरहेकाले यात्रुहरू एउटा टहरोमा आश्रय लिइरहेका थिए। उक्त टहरोभन्दा करिब पाँच फिट जतिको दूरीबाट ती सेनाका जवानले उनीहरूतिरै बन्दुक ताकिरहेका थिए। उनको पोशाक र कपालबाट उनले धेरै दिनदेखि नुहाएका छैनन् भन्ने मैले अनुमान गरेँ। आगो धेरै तापेकाले हुन सक्छ, उनको अनुहारमा धुवाँको धब्बा प्रष्ट देखिन्थ्यो। उनको अनुहारबाट उनले मदिरापान गर्ने गरेको मैले अनुमान गरेँ। उनको डरलाग्दो अनुहार, रुखो व्यवहार र उनले लिएको 'पोजिसन' देखेर मलाई पनि डर लाग्यो। त्यहाँ मैले के पाएँ भने ती वृद्धाहरूले सुरक्षाकर्मीको भनाइलाई प्रष्ट नबुझेर तिनका झोला र सामान निश्चित ठाउँमा राख्न नसकेको बाहेक अन्य कुनै प्रकारको खतराको स्थिति थिएन।

वृद्ध महिलाहरू ती मेजरसँग अतिरिक्त केही सामान पठाउन पाउँ भनी अनुरोध गरिरहेका थिए। उनीहरू काठमाडौँमा बस्ने आफ्ना छोराछोरीलाई केही सरसामान पठाउन चाहन्थे। ती मेजरले आफ्नो लहडअनुसार कसैको अनुरोध स्वीकारे भने कसैको स्वीकारेनन्। मैले त्यहाँ कुनै खास नियम देखिनँ। ती मेजरले एउटी भर्खरकी महिलालाई दिनभरिजसो नै पछ्याइरहेका थिए। ती महिला पनि सुरक्षाफौजका जवानहरूसित निकै नै घुलमिल भएको जस्तो देखिन्थिन्। पछि मलाई ती महिला एउटी भट्टी पसले हुन् र उनीकहाँ सिपाहीहरू रक्सी पिउन जाने गर्छन् भनेर बताइयो। मेजरले ती महिलालाई जिस्क्याइरहेका थिए। खास गरेर उनले एकापट्टिको कञ्चटमा लगाएको टीकाप्रति टिप्पणी गर्दै निधार बाहेक अन्यत्र टीका लगाउने चलन राम्रो होइन भन्दै थिए। यस्तो चलन मेरा लागि पनि नौलो नै थियो। तर पूर्वी नेपालका नेवार समुदायमा यसरी कञ्चटमा टीका लगाउने चलन रहेछ। मेजरले त्यसरी आफ्नो संस्कारलाई होच्याउँदा पनि ती महिला उक्त कुराकानीबाट आनन्द लिइरहे झैँ गरी प्रस्तुत भइरहेकी थिइन्। पछि मलाई थाहा भयो ती महिला उनको १०/११ वर्षको छोरालाई काठमाडौँ लैजान चाहन्थिन् तर उनीसँग टिकट थिएन। त्यसैले उनी मेजरलाई टिकट उपलब्ध गराइदिनलाई मायालु पाराले लगातार अनुरोध गरिरहेकी थिइन्। मेजरलाई तीनओटा टिकट उनले चाहेको व्यक्तिलाई दिन सक्ने अधिकार थियो।

मेजरले आफूसँग भएको कोटा सकिएको बताएपछि उनले पाइलटलाई भनेर टिकट उपलब्ध गराइदिन अनुरोध गरिरहेकी थिइन् । वजन कम भएको अवस्थामा पाइलटले अतिरिक्त यात्री लैजान सक्छन् र उनीसँग त्यस्तो अधिकार हुन्छ भन्ने स्थानीय जनतालाई थाहा छ । तर ती मेजरले ती महिला आफ्नो अघिपछि लागिरहून् भन्ने चाहनाले हुन सक्छ केही निर्णय दिइरहेका थिएनन् ।

मैले अर्को पनि एक जवान, सफा, राम्रा लुगा लगाएको र आकर्षक व्यक्तित्त्व भएको तर अत्यन्त चञ्चल र विचलित अवस्थाको व्यक्तिलाई नजिकबाट नियालेँ । उनी यति अधैर्य थिए कि एउटा मेचमा केही सेकेण्डभन्दा बढी बस्न सक्दैनथे । उनी प्रहरीको सब-इन्स्पेक्टर हुन् र उनको बोलीबाट उनी तराईबासी हुन् भन्ने पनि प्रष्ट हुन्थ्यो । उनी एक ठाउँमा पाँच सेकेण्ड जति बस्ने, फेरि उठ्ने यताउति जाने र फेरि त्यही ठाउँमा आएर बस्ने गरिरहन्थे । मेजर त्यहाँ नभएको बेलामा उनले पनि ती अघिकी महिलालाई पछ्याएको र उनी तथा उनको छोरासँग कुराकानी गरेको मैले देखेँ । उनले छोरा चाहिँलाई ढाडमा थपथप्याउन खोजे । केही समयपछि उनले ती महिलासँग “तपाईंको मात्र होइन मेरो पनि एउटा छोरो छ” भनेको मैले सुनेँ । उनले गोजीबाट एउटा तस्बिर निकाले र ती महिलालाई देखाए । उनले त्यसलाई झलक्क हेरिन् तर त्यत्ति ध्यान दिइनन् । त्यसपछि ती प्रहरीले केही बेर उक्त तस्बिर हेरेर फेरि गोजीभित्र राखे । उनी एकछिन अप्ठ्यारो किसिमले बनावटी नम्र देखिन्थे भने केही बेरपछि नै रिसाएको र दिक्क मानिरहेका हुन्थे । सुरक्षा फौजका जवानहरूमा मानसिक अशान्त व्याप्त छ भन्ने कुरा यसबाट थाहा हुन्छ ।

मेरा एक मित्रले आजभोलि सुरक्षाफौजको छेउछाउ बस्नु खतरापूर्ण हुन्छ भनी बताए । खास गरी रातको समयमा उनीहरूले अत्यधिक मदिरापान गरेका हुन्छन् र उनीहरूसँग गोली भरेको बन्दुक हुन्छ भन्ने उनको आशय थियो । तल्लो तहका सुरक्षाकर्मीका लागि यसरी मदिरापान गर्नु उच्च ओहोदाबाट उनीहरूमाथि आउने दबाब र आदेश सहन गर्ने तथा माओवादी आक्रमणको भयलाई क्षणिक रूपमा नै भए पनि न्यूनीकरण गर्ने उपाय रहेछ । उनीहरू नै माओवादी आक्रमणको पहिलो निशाना बन्ने भएकाले उनीहरू पनि मानसिक तनावमा बाँचिरहेका हुन्छन् । यसले गर्दा नै सर्वसाधारण तथा विकासकर्मीहरू कहिलेकाहीँ सुरक्षाकर्मीबाट अनावश्यक यातना र झञ्झट पाउँछन् ।

## माओवादी टोपी र जुत्ता

विमानस्थलमा मानिसहरूले मलाई अनौठो पाराले हेरेको देखेर मलाई उदेक लाग्यो, किनकि मलाई आफू साधारण नै देखिन्छु जस्तो लाग्थ्यो । तर विमानस्थलबाहिर मलाई लिन आएका कर्मचारीहरूले मैले लगाईरहेको टोपी ‘माओवादी टोपी’ हो भनेर मलाई सचेत गराए । मलाई अचम्म लाग्यो किनकि उक्त टोपी मैले केही दिनअघि मात्रै भारतको एउटा सहरको ‘गान्धी हेन्डलुम सेन्टर’ नामको पसलबाट किनेको थिएँ । कुनै लडाकुले त्यस्तो टोपी लगाएको मैले देखेको थिइनँ । तसर्थ ती कर्मचारीको कुरामा सुरुमा मैले ध्यानै दिइनँ तर बजारमा हिँड्दै गर्दा स्थानीय महिलाहरूले ‘माओवादी टोपी’ लगाएको एउटा नयाँ मानिस आएको छ भनेर खासखुस गर्दै गरेको सुनेँ । त्यसपछि भने मैले आफ्नो टोपी खोलेर

झोलामा राखेँ । त्यहाँ अरूखाले पोशाकका सङ्केतहरू पनि रहेछन् । सेनाले जहाँ पनि पाइने गोल्डस्टार जुत्तालाई माओवादीले लगाउने जुत्ता भन्दोरहेछ । यो जुत्ता नेपालमै बन्छ । सस्तो पनि छ । तर यो जुत्ता लगाउनेलाई त्यहाँ शङ्काको दृष्टिले हेरिँदो रहेछ । भाग्यवश मेरो जुत्ता त्यो ब्राण्डको नभई अन्य कुनै सुरक्षित ब्राण्डको 'स्पोर्टस सुज' थियो ।

धेरैजसो विकासे कार्यकर्ताहरूले आफ्नो पहिरनमा विशेष सावधानी अपनाउनु पर्थ्यो । तिनीहरूले कहिल्यै पनि मैले लगाएको जस्तो टोपी र गोल्डस्टार जुत्ता लगाउँदैनथे । सेनाले शङ्का गर्ने अरूखाले सङ्केतबारे पनि तिनीहरू होसियार थिए । माओवादी कार्यकर्ताको तालिममा घुँडा र कुहिनोमा केही न केही असर परेको हुन्छ । त्यसैले विकासे कार्यकर्ताहरू आफ्नो कुहिनो र घुँडा सधैं सूक्ष्म निरीक्षण गर्दथे ।

एकपटक मलाई छिमेकी जिल्लामा काम गर्न जाँदा यस्तै अनुभव भएको थियो । सदरमुकामबाट झन्डै एकघण्टा जतिको दूरी काटेर पहाडतिर गइरहेको बेला त्यहाँ करिब १५० जना जति सिपाहीहरूसँग जम्काभेट भएको थियो । त्यससमय मसँग मेरा दुई अनुसन्धान सहायकहरू पनि थिए जसले गाउँमा सामाजिक परिचालकको रूपमा काम गर्दथे । सिपाहीहरूले तिनीहरूसँग धेरै प्रश्न सोधे र तिनीहरूको झोला पनि निरीक्षण गरे । सायद मेरो फुलेको कपालले गर्दा होला, तिनीहरूले मलाई कुनै सोधपुछ गरेनन् । मेरा सहयोगीहरूको निरीक्षणमा धेरै समय लाग्ने देखेपछि मैले ती सिपाहीनेर गएर म काठमाडौंबाट गैरसरकारी संस्थाको कामको लागि आएको हो र यी मेरा अनुसन्धान सहायक हुन् भनेँ । त्यसपछि मात्र ती सेनाका अधिकृतले मतिर हेर्दै मेरा सहायकहरूलाई थप निरीक्षण नगरिकन जान दिए ।

त्यहाँ अरू पनि सङ्केतहरू रहेछन् । जस्तै टर्च लाईटको प्रयोग नगर्नु, धेरै रातीसम्म नबस्नु, बाटोको झ्याल इँटाले बन्द गर्नु र यदि केही गरी गोली चल्न थाल्यो भने भुँइमा सुत्नु आदि । टर्च लाईटले माओवादी र सेना दुवैको ध्यान आकर्षित गर्दोरहेछ । त्यो बाल्ने मानिसलाई तिनीहरूले गोली पनि प्रहार गर्न सक्दारहेछन् । म राती ९ बजेसम्म बसेकोमा मलाई रातीसम्म नबस्न भनियो । किनकि बत्ती बालेर रातीसम्म बस्दा सेनाले स्पष्टीकरण माग्न सक्दारहेछन् ।

## बुढी आमाको सहारा

विकासे कार्यकर्तालाई अहिले के महसुस भएको छ भने बुढी महिलाले मात्रै प्रत्यक्ष रूपमा दह्रो किसिमले माओवादीसँग कुरा राख्न सक्छन् । केवल महिलाले मात्र माओवादीहरूले खोजेको खाना र बासको व्यवस्था इन्कार गर्न सक्दारहेछन् । यदि त्यस्तै इन्कारी कुनै पुरुषले गर्‍यो भने माओवादीले त्यो पुरुषलाई मार्न पनि सक्दारहेछन् । त्यसकारण विकासे कार्यकर्ताहरू पनि बुढी महिला भएको घरमा बस्न आफूलाई सुरक्षित ठान्दारहेछन् । बुढी महिलाबारे माओवादीको विचार स्पष्ट छैन । तर के हुन सक्छ भने, हिन्दू होस् वा गैर हिन्दू सबैले बुढी महिलालाई आमा जस्तो मान्दछन् । त्यसमाथि स्त्री जातिलाई मार्न हुँदैन भन्ने परम्परा पनि छ । यस्तो कुरा हामी जनावरका सम्बन्धमा पनि देख्न सक्छौँ ।

जिल्ला सदरमुकामको रणनीति भने केही फरक छ । जिल्ला सदरमुकाममा धेरै नै सैनिकीकरण भएको छ । यसले गर्दा अर्कै खाले समस्या र जोखिमहरू सिर्जना भएका

रहेछन् । कार्यालयका कर्मचारीहरूले आफ्नो बासस्थान दुई ठाउँमा गराएका छन् । एउटा आफ्नो कार्यालयको क्वार्टर हो भने अर्को कुनै निजी घरमा । औपचारिक रूपमा कर्मचारीहरू कार्यालयको क्वार्टरमै बस्छौँ भन्छन् तर वास्तवमा तिनीहरू सुत्नका लागि भाडामा लिएका कुनै घर धनीको परिवारमा जाने गर्दा रहेछन् । त्यो सुरक्षाफौजसँग टाढा रहने एउटा उपाय पनि हुन सक्छ । यसो गर्दा उनीहरू आफूमाथिको खतरा कम भएको महसुस गर्दा रहेछन् । त्यसबाहेक सरकारी कार्यालयहरूमा हुने बम विस्फोट प्रायः कार्यालय खोल्ने समयमा नै हुने भएकाले कर्मचारीहरू कार्यालयमा ढिलो जाने र छिट्टै हिँडने गर्दा रहेछन् ।

## सूचनाको परीक्षण

विकासे कार्यकर्ताहरूले सेना वा सरकारबाट प्राप्त सूचनाहरू विश्वास गर्न परे तापनि माओवादी तिरबाट पनि त्यसको पुष्टि गर्न खोज्दा रहेछन् । माओवादी रेडियो नै त्यस्तो स्रोत हो जहाँबाट माओवादीतिर पनि के भइरहेको छ भन्ने थाहा हुँदोरहेछ । मैले पनि माओवादीले चलाएको एफएम रेडियो सुन्ने मौका पाएँ । मलाई माओवादीको एफएम स्टेसनबारे तालिममा घुलमिल भइसकेपछि बताइएको थियो । कार्यकर्ताहरू माओवादीको रेडियो प्रसारण र फ्रिक्वेन्सी उनीहरूबाटै थाहा पाउँदा रहेछन् । सरकारी सेनाबाट सुरक्षित रहन माओवादीले रेडियो स्टेसन प्रसारण स्थान र समय फ्रिक्वेन्सी परिवर्तन गरिरहँदा रहेछन् । त्यो थाहा पाउन विकासे कार्यकर्ताहरू चनाखो भइरहनु पर्दोरहेछ । त्यो एफएम प्रसारण पनि विकासे कार्यकर्तालाई महत्त्वपूर्ण रहेछ । माओवादीहरूबारे बुझ्न र यदि आवश्यकता पऱ्यो भने कसलाई सम्पर्क गर्ने भन्ने कुरा जान्न सजिलो रहेछ । माओवादी रेडियोले सरकारी सञ्चारमाध्यमबाट आउने धेरै समाचारहरू खण्डन गर्दोरहेछ ।

यस्तो धेरै गाह्रो र चुनौतीपूर्ण अवस्थामा पनि स्थानीय स्तरका विकासे कार्यकर्ताहरू आफ्नो काममा कटिबद्ध छन् । त्यस्ता जोखिमपूर्ण ठाउँमा पनि सम्भव भएसम्म राम्रो प्रतिफल दिन उनीहरू प्रयासरत छन् । उनीहरू स्थानीयस्तरमा काम गर्दाखेरीको अनुभवको आधारमा विकास गरेका विभिन्न खालका उपायमार्फत चुनौती र जोखिमसँग जुधिरहेका छन् ।

(सुरक्षाको कारण सबै व्यक्ति र ठाउँको नाम परिवर्तन गरिएको यो लेखको अङ्ग्रेजी रूप *स्टडीज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी*को वर्ष ८ अङ्क २ (सन् २००३) मा प्रकाशित छ । नेपाली अनुवाद केशव बस्यालले गर्नुभएको हो ।)